# सर्वोच्च अदालत, नेपाल

## प्रेस विज्ञप्ती

कोरोना भाईरस (कोभिड-१९) को प्रकोप विश्वव्यापी महामारीका रुपमा फैलिंदै गएको र नेपालभर त्यसको संक्रमण फैलिने सम्भावना देखिएकोले सोको रोकथाम र निर्मूल गर्न नेपाल सरकारले मिति २०७६ साल चैत्र ११ गतेदेखि ऐ. १८ गतेसम्म लागू हुने गरी यही चैत्र १० गते विभिन्न आदेशहरु जारी गरेको सन्दर्भमा अदालतहरुको काम कारवाही तथा सेवा प्रवाह व्यवस्थापन लगायतका विषयमा भएको सर्वोच्च अदालतको पूर्ण वैठकको मिति २०७६ चैत्र ७ गतेको निर्णयमा समयानुकूल परिमार्जन गर्न आवश्यक देखिएकोले मिति २०७६ चैत्र १२ गते विहान बसेको सर्वोच्च अदालतको आकस्मिक पूर्ण वैठकको निर्णयानुसार देहायबमोजिम गर्नु गराउनु हुन सम्बन्धित सबैको जानकारीको लागि अनुरोध छ ।

१. मिति २०७६ चैत्र १२ गतेदेखि ऐ. २१ गतेसम्म वा नेपाल सरकारबाट २०७६ चैत्र १० मा जारी भएको आदेशले निरन्तरता पाएमा सो अनुरुप थप हुनजाने अवधिसम्मको लागि मिति २०७६ चैत्र ७ गतेको सर्वोच्च अदालतको पूर्ण वैठकको निर्णयको प्रकरण-१ मा उल्लिखित कार्यहरुमध्ये देहायबमोजिम (आफ्नो क्षेत्राधिकार अन्तर्गत पर्ने)का कार्यहरु मात्र सम्पादनको व्यवस्था गर्ने । अन्य सम्पूर्ण कार्यहरु स्थगन र सेवा प्रवाह वन्द गर्ने । सो प्रयोजनका लागि अत्यावश्यक पर्ने र न्यून सँख्यामा उपस्थिति हुने गरी जनशक्तिको व्यवस्थापन गर्ने ।

   (क) मिति २०७६ चैत्र ७ गतेपछि परेका र यस अवधिमा पर्नसक्ने वन्दी प्रत्यक्षीकरणको निवेदनको सुनुवाई र मुलुकी फौजदारी कार्यविधि संहिता, २०७४ को दफा १५५ अनुसारको निवेदन तथा बालसुधार गृहमा रहेका बालबालिका जिम्मा लिने सम्बन्धी निवेदन उपर हुने कारवाही एवम् पकाउ पूर्जी अनुमति र जरुरी पकाउ पूर्जीको समर्थन सम्बन्धी कार्य,

   (ख) यस महामारीसंग सम्बन्धित गम्भीर प्रकृतिका निवेदनहरुको कारवाही र सुनुवाई सम्बन्धी कार्य ।

२. उपरोक्त वाहेक अदालतहरुको काम कामवाही तथा सेवा प्रवाह सम्बन्धी अन्य विषयहरु मिति २०७६ चैत्र ७ गतेको सर्वोच्च अदालत, पूर्ण वैठकको निर्णयबमोजिम गर्ने गराउने ।